# त्रिवेणी नगरपालिका

## तोली,बाजुरा

# क्षमता विकास योजना

## Capacity Development Plan-CD Plan

(आ.व. २०८०/८१–२०८२/८३)

## विषय सूची

| | |
|---|---|
| कार्यकारी सारांश | ३ |
| परिच्छेद- १ | ४ |
| परिचय | ४ |
| १.१. पृष्ठभूमि | ४ |
| १.२. नगरपालिकाको संक्षिप्त परिचय | ५ |
| १.३. क्षमता विकास योजनाको उद्देश्य | ६ |
| १.४. क्षमता विकास योजनाको औचित्य | ७ |
| १.५. अपेक्षित प्रतिफल | ७ |
| १.६. प्रयुक्त विधि र प्रकृया | ८ |
| १.६.१ सन्दर्भ सामग्री पुनरावलोकन | ९ |
| १.६.२ क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे छलफल | ९ |
| १.६.३ नगरपालिकाको विद्यमान क्षमताको विश्लेषण | ९ |
| १.७. अध्ययनका सीमाहरु | ९ |
| परिच्छेद २ | ११ |
| क्षमता विकासको आवश्यकता पहिचान र विश्लेषण | ११ |
| २.१. क्षमता आवश्यकता पहिचान | ११ |
| २.२. क्षमता विकास लेखाजोखा | ११ |
| २.३. क्षमता विकास अन्तराल पहिचान | १३ |
| २.४. नगरपालिकाको सवल र कमजोर पक्षको आँकलन | ४२ |
| परिच्छेद ३ | ४५ |
| क्षमता विकास योजना | ४५ |
| ३.१. क्षमता विकास योजना | ४५ |
| परिच्छेद ४ | ५२ |
| निचोड, अनुगमन तथा मुल्यांकन व्यवस्था | ५२ |
| ४.१ निचोड | ५२ |
| ४.२ अनुगमन | ५२ |
| सन्दर्भ सामग्री | ५५ |
| अनुसूचीहरु | ५६ |
| अनुसूची- १ | ५६ |
| छलफल कार्यक्रमको उपस्थिति | ५६ |
| अनुसूची- २ | ५७ |
| छलफल कार्यक्रमका फोटोहरु | ५७ |

## कार्यकारी सारांश

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तह संस्थागत क्षमता स्व–मुल्यांकन कार्यविधि, २०७७ सँग तादात्म्यता रहने गरी त्रिवेणी नगरपालिका, तोली बाजुराको तीन आर्थिक वर्ष (२०८०/८१-२०८२/८३) को लागि क्षमता विकास योजनामा शासकीय प्रबन्ध, संगठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवं आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्यसम्पादन, भौतिक पुर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य र समन्वय जस्ता क्षेत्रहरुलाई आधार लिइएको छ । यो क्षमता विकास योजनामा समय तथा स्रोतबद्ध गरिएको क्रियाकलाप सहितको कार्य तालिका उल्लेख छ । क्रियाकलापहरु तीन वर्ष अवधिमा सम्पन्न भएपछि नगरपालिकाको विद्यमान कार्य क्षमतामा वस्तुगत ढंगले देख्न सकिने गरी अभिवृद्धि हुनेछ । कार्य क्षमताका प्रस्तुत क्रियाकलापहरु कार्यान्वयन गर्न स्रोतको आवश्यकता पर्दछ । त्यसका लागि माग र आपूर्तिमा आधारित अर्थात कुनै क्रियाकलाप नगरपालिका स्वयंको आन्तरिक आय आर्जनबाट वा राजस्व बाँडफाँडबाट व्यहोर्नु पर्ने हुन्छ भने धेरै क्रियाकलापका लागि चाहिने स्रोत आपूर्ति अर्थात नेपाल सरकार तथा प्रदेश सरकारको आफ्ना वार्षिक कार्यक्रमहरुको कार्यान्वयनको सिलसिलामा प्राप्त हुने गर्दछ ।

यो क्षमता विकास योजनामा दर्शाइएका क्रियाकलापहरु नगरपालिका मात्रको स्रोतबाट व्यहोर्नु पर्ने देखिदैन । क्षमता विकासका विभिन्न क्रियाकलापहरु एक अर्कामा परिपुरक र परिपोषक हुने भएकाले नगरपालिकाका क्रियाकलापहरुसँग यो योजनामा लेखिएका क्रियाकलापहरु बिभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुसँग सहकार्य र समन्वय गरी नगरपालिकाको कार्यक्षमता तथा सेवा प्रवाहमा प्रभावकारीता वृद्धिमा योगदान दिनु पर्नेछ । स्रोत र साधन दुर्लभ हुने भएकोले क्षमता विकास क्रियाकलापलाई प्रथम, द्धितिय र तृतिय प्राथमिकतामा वर्गिकरण गरिएको छ । प्रथम प्राथमिकता अन्तर्गत प्रस्ताव गरिएका क्रियाकलापहरु कार्यान्वयन गर्न नगरपालिका आफैले स्रोतको जगेर्ना गर्न प्रत्येक वर्ष बन्ने गरेको वार्षिक योजना तथा कार्यक्रममा ती क्रियाकलापहरु अनिवार्यतः राख्न सुझाव दिइएको छ । त्यसैगरी, दोस्रो र तेस्रो प्राथमिकतामा रहेका क्रियाकलापहरुका निमित्त विभिन्न साझेदारहरु खोजी गर्न सकिन्छ ।

समग्र क्षमता अन्तराल पत्ता लगाउने सन्दर्भमा अध्ययन, लेखाजोखा गर्दा स्थायी दरवन्दी अनुसारका कर्मचारीहरु न्यून मात्रामा भएको तथा करार सेवामा धेरै कर्मचारीहरु भएका कारण सेवा प्रवाहमा कमि रहेको देखिन्छ । त्यसैगरी, सार्वजनिक खरिदको क्षेत्रमा नियमहरु चाँडोचाँडो परिवर्तन भइरहने र प्राविधिक निर्देशिकाहरु सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरिरहने अवस्था हुँदा सोको अद्यावधिक जानकारी विना गरिएको खरिदमा त्रुटीहरु देखिन सक्छन् । तसर्थ, नगरपालिकाको यो क्षमता बढाउन अल्पकालिन एवं दीर्घकालिन प्रशिक्षणको आवश्यकता देखिएको छ ।

# परिच्छेद –१
# परिचय

## १.१ पृष्ठभूमी

नेपालको संविधानको धारा ५६(१) ले नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरिएको छ । जस अनुरुप स्थानीयस्तरदेखि नै जनतालाई सार्वभौमसत्ताको प्रयोग गर्ने अनुकुल वातावरण वनाई मुलुकको शासन व्यवस्थामा जनताको सहभागिता प्रर्वद्धन गर्न र स्थानीयस्तरमा नै सहज रुपमा जनतालाई सेवा उपलव्ध गराई जनताको नजिकको र भरपर्दो संयन्त्र बन्ने अवसर प्रदान गरेको छ । यसबाट लोकतन्त्रको संस्थागत विकास गर्न र अधिकारको निक्षेपणका आधारमा स्थानीय स्वायत्तताको अवधारणालाई मुर्त रुप दिइएको छ ।

नेपालको संविधान, २०७२ अन्तर्गत स्थापित स्थानीय सरकारहरूले आफ्नो भूमिका निर्वाह गर्दै जवाफदेहितालाई दिगो ढंगले वहन गर्न उनीहरूले काम गर्ने तौर तरिका तथा योजना तर्जुमाको शैली र चिन्तन परिवर्तित सन्दर्भ अनुरूप प्रभावकारी र परिणाममुखी हुनु आवश्यक छ । यिनै विषयहरूलाई सम्बोधन गर्न स्थानीय सरकारका अवयवहरूको (संस्थागत र संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार) क्षमतामा सुधार ल्याउन आवश्यक छ । मानविय सीप र क्षमताको अधिकतम उपयोग गर्दै काममा नयाँपन तथा शैलीलाई सिर्जनशील एवम् परिणाममुखी नबनाएसम्म सेवा प्रवाह गर्ने निकायहरूको संस्थागत क्षमताको दीर्घकालीन विकास हुँदैन । स्थानीय सरकारद्वारा प्रवाह गरिएका सेवा, सुविधा तथा वस्तु आमनागरिकका अपेक्षा र चाहना अनुरूपका हुन सकेनन् भने त्यसले जननिर्वाचित प्रतिनिधि र कर्मचारी संयन्त्रप्रति विश्वसनीयता घट्नुका साथै राज्य र व्यवस्थाप्रति पनि नागरिकहरूमा नैराश्यता बढ्छ । यसर्थ, सबै स्थानीय सरकारले मानव संशाधन, विधि र कार्यप्रणाली तथा संस्थागत क्षमताको क्रमिक रूपमा वृद्धि गरी नागरिकप्रति पूर्णरूपमा उत्तरदायी स्थानीय सरकारको रूपमा काम गर्न आवश्यक छ ।

स्थानीय तहहरु नागरिकको जीवनस्तर सुधारका लागि एकिकृत कार्य गर्ने जिम्मेवार निकाय हुन् । स्थानीय सरकारका अधिकार र जिम्मेवारीहरू कत्तिको कुशल रूपमा सम्पादन हुन्छन भन्ने कुरा विभिन्न पदीय जिम्मेवारीमा रहेका जननिर्वाचित प्रतिनिधिहरूको क्षमतामा भर पर्दछ । संविधान प्रदत्त एकल र साझा अधिकार र जिम्मेवारीहरूलाई कुशल रूपमा सम्पादन गरी नागरिकहरूलाई छिटोछरितो, कम झन्झटिलो, पारदर्शी र गुणात्मक सेवा प्रवाह, प्रवाह गर्ने जिम्मेवारी र दायित्व स्थानीय सरकारको कार्यक्षेत्रमा रहेको छ । तर अधिकांश स्थानीय सरकारहरु बहुआमिक चुनौतिको सामना गर्नुपर्ने अवस्थामा छन् । तीमध्ये कर्मचारी तथा प्रतिनिधिमा क्षमताको कमी अधिक भएको पाईन्छ । यस्तो अवस्थामा स्थानीय सरकारबाट सञ्चालन गरिने सामाजिक, आर्थिक, वातावरणीय गतिविधि तथा पूर्वाधार विकास निर्माणका कार्यहरूलाई दिगो र परिणाममुखी बनाउनु पर्ने कानुनी र नैतिक दायित्व रहेको तर जिम्मेवारीका अनुपातमा पूर्ण कार्य क्षमतामा कमी हुदा सेवा प्रवाह चुस्त नहुन सक्छ । नागरिकका न्युनतम आवश्यकता पहिचान गर्न सकिदैन । विकासका कार्यहरुको प्राथमिकिकरणमा अलमल हुन्छ । समृद्धिको यात्रा कँहाबाट शुरु गर्ने भन्नेमा अलमल हुन्छ । विकास प्रशासनका विभिन्न नवीनतम आयाम, प्रविधि र मान्यता अनुसार स्थानीय सरकारलाई क्रमिक रूपमा प्रविधियुक्त बनाउदै नागरिकहरूको आशा र अपेक्षा अनुसार नागरिकका सेवा प्रवाहमा बढी प्रभावकारीता ल्याउनको लागि सुधारको आवश्यकता चाहिन्छ । यसै परिप्रेक्षलाई ध्यानमा राखि स्थानीय तहका कर्मचारी तथा

निर्वाचित जनप्रतिनिधिहरुको क्षमता विकास र कार्य सम्पादनमा सुधार लगायतका प्रयासका लागि त्रिवेणी नगरपालिका बाजुराले ३ वर्षे क्षमता विकास योजना (२०८०/८१-२०८२/८३) निर्माण गरि कार्यान्वयनमा ल्याएको छ ।

स्थानीय तहहरुको क्षमता विकासका लागि आपूर्ति (Supply) तथा मागमा (Demand) आधारित क्षमता विकासको अवधारणा अबलम्बन गरिएको छ । यसो गर्नुको पछाडि यो नगरपालिकाले भविष्यमा सम्पादन गर्नुपर्ने कार्यहरुलाई समेत आँकलन गर्ने प्रयासलाई समेत दर्शाइएको छ । स्थानीय तहहरूले जनतालाई प्रदान गर्ने सार्वजनिक सेवा तथा सुविधाहरू बढी प्रभावकारी बनाउन नगरपालिकाको क्षमतामा अभिवृद्धि गर्ने कार्यमा आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु केन्द्रित रहेका छन् भने मागमा आधारित क्षमता विकासका कार्यक्रमहरू नगरपालिका र सरोकारवालाहरुको आफ्नै विशेषताको आधारमा देखिएका क्षमताको आवश्यकतालाई सम्बोधन गरिएको छ । आपूर्तिमा आधारित क्षमता विकास कार्यक्रमहरु लागु गर्न नगरपालिकाले बढी अनुदान प्राप्त गर्ने कुराहरुमा केन्द्रित गर्ने प्रयास गरिएको छ ।

## १.२ नगरपालिकाको संक्षिप्त परिचय

त्रिवेणी नगरपालिका सुदुरपश्चिम प्रदेश, बाजुरा जिल्ला, प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. १ र प्रदेश सभा निर्वाचन क्षेत्र नं. १(ख) अर्न्तगत पर्दछ । कुल ९ वटा वडा र ६४ टोल विकास संस्था रहेको यस नगरपालिकाको कुल क्षेत्रफल १७०.३२ वर्ग कि.मि.अर्थात १८१५८ हेक्टर रहेको छ । पूर्वमा कालिकोट जिल्ला, पश्चिममा बुढीगंगा नगरपालिका, उत्तरमा बडिमालिका नगरपालिका र दक्षिणमा अछाम जिल्लाले घेरिएको छ । बाजुरा जिल्लाको सदरमुकाम मार्तडी देखी दक्षिण भेगमा रहेको यो नगरपालिकाको नामाकरण यसै क्षेत्रको पर्यटकिय तथा धार्मिक स्थलको नामबाट त्रिवेणी रहन गएको हो । यो नगरपालिका २९ डिग्री ३५ मिनेट ५५ सेकेण्ड देखि ८१ डिग्री ३९ मिनेट ५२ सेकेण्ड अक्षांशमा रहेको छ । यहाँ औषत न्यूनतम ० देखी ५ डिग्री से. देखि अधिकतम १८ डिग्री से. सम्म तापक्रम हुने गर्दछ भने बार्षिक औषत वर्षा २२६७ मि.मि. रहेको छ र यसका साथै यस क्षेत्रमा जाडो र गर्मी औसतमा बराबर जस्तै रहने समशितोष्ण हावापानी पाइन्छ । यस नगरपालिकाको अधिकांस भूभाग उच्च पहाडी र पहाडी क्षेत्रभित्र पर्दछ ।

यस नगरपालिका भित्र कृषि क्षेत्रले ११.६५ प्रतिशत, वन तथा चरन क्षेत्रले ७.७९, आवास क्षेत्रले १.२७, नदी नालाले ओगटेको क्षेत्र ०.००५८९, ताल तलैया क्षेत्र ०.०००३, सडकले ओगटेको क्षेत्र ०.००९५, सार्वजनिक जग्गा क्षेत्र ०.४२५ र पाटन तथा राष्ट्रिय बनले ७८.७४ प्रतिशत क्षेत्रफल ओगटेको छ ।

२०७८ को राष्ट्रिय जनगणना अनुसार ८३.५ प्रतिशत जनसंख्या कृषिमा आश्रीत रहेकोमा जम्मा जनसंख्या १७७९८ तथा व्यावसायमा ६.३ प्रतिशत, कृषि व्यवसायतर्फ यस नगरपालिकामा कृषिमा आवद्ध परिवार संख्या ३७०२ भएको त्रिवेणी नगरपालिकाको २५९७.९९ वर्ग कि.मि. जनधनत्व रहेको छ । क्षेत्रफलका हिसावले सवैभन्दा सानो वडा नं. ८ (४.३७ बर्ग कि.मि.) र सवैभन्दा ठूलो वडा नं. ५ (६२.२१ बर्ग कि.मि.) हो । त्यसैगरी सवै भन्दा वढी जनघनत्व (५६७.९६ वर्ग कि.मि.) वडा नं. ८ मा रहेको छ भने सवै भन्दा कम जनघनत्व (२०.३८ वर्ग कि.मि.) वडा नं. ५ मा रहेको छ ।

त्रिवेणी नगरपालिकामा सामाजिक संरचनामा जातिगत विविधता रहेको छ। त्रिवेणी नगरपालिकामा कुल ९ किसिमका जातजातिको बसोबास रहेको पाईन्छ। यसरी त्रिवेणी नगरपालिकामा विभिन्न जातजाति, समुह अनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी क्षेत्री जाति १५५२८ जना (६५.१६%), दोस्रो लुहार/विक २४०६ (१०.१०%), तेस्रोमा दमाई/नेपाली १४८५ (६.२३%) र त्यसपछि सार्की १०१२ ( ४.२४%) रहेको छ।

*श्रोत : आवधिक योजना त्रिवेणी नगरपालिका २०७८*

## १.३. क्षमता विकास योजनाको उद्देश्य :

नगरपालिकाद्वारा गरिने सेवा प्रवाह र विकास निर्माणका कामहरु उपयोगी, प्रभावकारी एवं दक्षतासाथ सम्पन्न गर्न आवश्यक पर्ने सीप, क्षमता र कार्यशैलीमा सुधार ल्याउने। नगरपालिकालाई आगामी भविष्यमा आइपर्ने चुनौतीलाई सामना गर्नसक्ने गरी नगरपालिकामा कार्यरत जनशक्तिको क्षमता, सीप तथा हौसला अभिवृद्धि गर्न विभिन्न प्रकारका तालिम एवं अभिमुखीकरण कार्यक्रमको पहिचान गर्ने।

**उद्देश्यको सूचक:**

क्षमता विकास योजना अवधिको अन्त्यमा स्थानीय विकास प्रक्रिया, सेवा तथा सुविधाको पहुँच कम भएका समुदाय एवं विपन्न वर्ग लगायत स्थानिय उपभोक्ताको सहभागितामा वृद्धि भएको हुनेछ।

**यस योजनाको सहायक उद्देश्यहरु देहायबमोजिम छन् :**

क) योजना तर्जुमा (आवधिक, मध्यमकालिन, वार्षिक एवं नीति तथा कार्यक्रम) कार्यान्वयन र अनुगमन मूल्याङ्कन तथा सिकाइ उपलब्धीलाई दिगो एवं प्रभावकारी बनाउने।

ख) वित्तीय व्यवस्थापनमा पारदर्शिता र जवाफदेहीता वहन गर्ने क्षमतामा सुधार ल्याउने।

ग) नगरपालिकाको कार्य सम्पादन प्रक्रियालाई प्रणालीबद्ध बनाउने।

घ) आयका अन्य स्रोतहरु पहिचान गरी नगरपालिकाको आन्तरिक आयमा वृद्धि गर्ने।

ङ) कार्य सम्पादनमा सुधार ल्याउन भौतिक सुविधा, कार्यालय सुरक्षा, सरसफाइ तथा सूचना प्रविधि जस्ता विषयहरु सुदृढ बनाउदै लैजाने।

च) पदाधिकारी तथा कर्मचारीको कार्यशैली, कार्यव्यवहार तथा अन्तरसम्वन्धलाई सुदृढ बनाउदै नयाँ सार्वजनिक व्यवस्थापनका आयामहरु अपनाउने।

छ) समावेशी तथा सहभागितात्मक अवधारणाको अभ्यास गर्न नगरपालिकाले आफ्ना साझेदारहरु सँग संयुक्त प्रयास गर्ने।

ज) नगरपालिका भित्रका चल, अचल लगायत प्राकृतिक सम्पत्तिको अभिलेख, संरक्षण, सम्भार र परिचालन गर्ने।

झ) संघीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारबीच समन्वय र अन्तर-सम्बन्ध बलियो बनाउने।

**सहायक उद्देश्यका सूचकहरु :**

- क्षमता विकास योजनाको अन्त्य (आ.व. ०८२/८३) सम्ममा स्थानीय तह संस्थागत क्षमता स्व-मुल्यांकन कार्यविधि, २०७७ बमोजिम स्वमापनमा यो नगरपालिकाले उच्चतम अंक प्राप्त गरेको हुनेछ।
- आन्तरिक राजस्वको परिचालनमा आधार वर्ष (आ.व. ०७९/८०) को तुलनामा वृद्धि भएको हुनेछ।

- नगरपालिकाद्वारा सञ्चालित योजना/कार्यक्रमहरु मध्ये अधिकांश (कम्तीमा तीन चौथाई) योजना कार्यक्रमहरु लक्षित लागत एवं समयमा सम्पन्न भएका हुनेछन् ।
- क्षमता विकास योजनाको अन्त्यमा सेवा तथा सुविधामा पहुँच कम रहेका समुदाय एवं विपन्न वर्गको सहभागितामा आधार वर्षको न्यूनतम एक चौथाईले वृद्धि भएको हुनेछ ।
- योजनाको अन्त्यमा स्थानीय सेवा प्रवाह सम्वन्धी गुनासो गुणात्मक एवं परिमाणात्मक रुपमा कमी आएको हुनेछ ।

## १.४. क्षमता विकास योजनाको औचित्य

गरिबी न्यूनिकरणमा योगदान पुऱ्याउन समावेशी, जवाफदेही र उत्तरदायी शासनको प्रवर्द्धन गर्नु पर्दछ । यसबाट नगरबासीलाई सेवा र सुविधा उपरको पहुँच पनि सुनिश्चित हुन्छ । यसका लागि स्थानीय तहमा सेवा तथा सुविधा प्रवाह तथा विकास कार्यमा प्रत्यक्ष रुपमा संलग्न स्थानीय तहहरुको क्षमता विकासमा जोड दिन आवश्यक छ । यसर्थ हाल कार्यान्वयनमा आइरहेका क्षमता विकास सम्बन्धी रणनीति र कार्यक्रमहरुको समिक्षा गरी परिष्कृत एवं परिमार्जित रणनीति, कार्यक्रम तथा प्रक्रिया र योजनाको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्नु नै यो क्षमता विकास योजनाको आवश्यकता रहेको छ । विगतमा क्षमता विकासका प्रयासहरु भएपनि त्यसको कार्यान्वयनको लागि ठोस रणनीति भएको पाइदैन । सशक्त, स्पष्ट र कार्यमुखी क्षमता विकासको रणनीतिको अभावमा क्षमता विकासका कार्यक्रमहरु विगतमा केन्द्रबाट संचालित भएको हुँदा स्थानीय स्तरमा त्यसप्रति अपनत्व (Ownership) को अभाव देखियो । त्यसैगरी, स्थानीय तहहरुको संस्थागत क्षमता बढ्न गएको अवस्थामा स्वमुल्यांकन कार्यविधि, २०७७ ले कल्पना गरेको पुर्ण क्षमतालाई अग्रगामी र प्रभावकारी बनाउन सकिन्छ ।

## १.५. अपेक्षित प्रतिफल

क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन भएपछि यस नगरपालिकाबाट सञ्चालन हुने सेवा प्रवाह तथा विकास व्यवस्थापनमा आधुनिक प्रशासनका नवीनतम आयाम, प्रविधि एवं प्रणालीको प्रयोग एवं अनुशरण भई नतिजामुखी प्रशासन सञ्चालन भएको हुनेछ । यस क्षमता विकास योजनाबाट निम्न प्रतिफलको अपेक्षा गरिएको छ :

- संगठनात्मक संरचनामा देखिएको क्षमता अन्तराल (GAP) पत्ता लगाई नगरपालिकाले मानवीय संसाधन विकासको अवसर प्राप्त गर्नेछ ।
- मानव संसाधन विकासको प्राथमिकता निर्धारण गरी सो क्षेत्रमा उपलव्ध श्रोत विनियोजन गर्नका लागि ३ वर्षे क्षमता विकास कार्ययोजना प्रमुख आधार हुनेछ ।
- माग र आपूर्तिको आधारमा क्षमता विकास कार्ययोजनालाई वर्गिकरण गरी श्रोत साधन जुटाउन उपयुक्त अवसर प्राप्त हुनेछ ।
- कर्मचारीको रुची, चाहना तथा कार्यसम्पादनको स्तर एवं क्षेत्रलाई सम्वोधन गर्ने गरी क्षमता विकास कार्यक्रम कार्यान्वयनको आधार तयार हुनेछ ।
- मुलुकमा संघीयता कार्यान्वयनका लागि स्थानीय स्तरबाट हुने योगदान गर्न नगरपालिका सक्षम हुनेछ ।
- नगरपालिकाको क्षमता विकासको साथै समुदाय र सरोकारवालाहरुलाई उनीहरुको कार्य सम्पादन स्तरमा समेत वृद्धि हुने अवसर प्राप्त हुनेछ ।

- नगरपालिकाबाट तयार हुने आर्थिक तथा वित्तिय एवं भौतिक प्रतिवेदनहरु समयबद्ध रुपमा तयार एवं सार्वजनीकिकरण हुनेछन् ।

### १.६. प्रयुक्त विधि र प्रकृया :

त्रिवेणी नगरपालिका तथा सरोकारवालाहरुको सक्रिय सहभागितामा क्षमता विकास योजना तर्जुमा गरिएको छ । यो योजना तर्जुमा गर्दा स्थानीय तह संस्थागत क्षमता स्व-मुल्यांकन कार्यविधि, २०७७ आधार दस्ताबेज मानिएको छ । किनभने स्थानीय तहको क्षमता स्वमुल्यांकन गर्न कार्यविधि नै तय भएको र यसले भविष्यमा नेपाल सरकार तथा प्रदेश सरकारबाट जाने चारै प्रकारका अनुदान प्राप्तीमा सकारात्मक भूमिका खेल्नेछ र नगरपालिकाको आन्तरिक आय वृद्धिमा यसले कोशेढुंगाको काम गर्नेछ । प्रस्तावित यस क्षमता विकास योजना तर्जुमाको सिलसिलामा चेकलिस्ट तथा प्रश्नावली प्रयोग गरि नगरपालिकाका पदाधिकारी तथा कर्मचारीहरुसँग प्रत्यक्ष भेटघाट, टेलिफोन, इमेल, लगायतका माध्यमबाट छलफल, परामर्श, अन्तर्क्रिया एवं अवलोकन जस्ता सहकार्यात्मक विधिहरु अपनाइएको थियो । यी विधिहरुबाट नगरपालिकाको वस्तुस्थिति विश्लेषण गरि नगरपालिकाले सम्पादन गर्ने देहायका १० कार्य क्षेत्रहरुको विद्यमान क्षमता र अवस्थाको अध्ययन गरिएको थियो । यी क्षेत्रहरुमा नगरपालिकाको क्षमता अन्तराल मिहिन ढंगबाट अध्ययन गरिएको थियो । क्षमता अन्तराल पहिल्याइएपछि क्षमता विकासका आवश्यकताहरु पहिचान गरियो । यसरी पहिचान गरिएका ती क्षमता विकासका आवश्यकतालाई समय तथा स्रोतबद्ध गरी कार्यान्वयन योग्य कार्यतालिका तयार गरी प्रतिवेदनमा पेश गरिएको छ । यसैको आधारमा क्षमता विकासको तीन वर्षे कार्ययोजना तयार गरिएको छ ।

### नगरपालिकाले सम्पादन गर्ने १० कार्य क्षेत्रहरु यसप्रकार छन् :

(१) शासकीय प्रबन्ध (२) संगठन तथा प्रशासन (३) वार्षिक बजेट तथा योजना व्यवस्थापन (४) वित्तिय एवं आर्थिक व्यवस्थापन (५) सार्वजनिक सेवा प्रवाह (६) न्यायिक कार्य सम्पादन (७) भौतिक पूर्वाधार (८) सामाजिक समावेशीकरण (९) वातावरण संरक्षण तथा विपद् व्यवस्थापन (१०) सहकार्य र समन्वय । उपरोक्त दश कार्यक्षेत्रहरुलाई व्यवस्थापकीय दृष्टिले देहायका चौविस उपक्षेत्रहरुमा वर्गिकरण गरी व्यापक विश्लेषण गरी प्रत्येक क्षमताको लेखाजोखा गरिएको छ र यसैको आधारमा क्षमता विकास योजना तर्जुमा गरिएको छ ।

### उपरोक्त २४ उपक्षेत्रहरु यसप्रकार छन् :

(१) योजना व्यवस्थापन (२) सार्वजनिक वित्त व्यवस्थापन (३) स्थानीय उद्यमशिलताको विकास (४) जनशक्ति अवस्था (५) शिक्षा व्यवस्थापन (६) न्यायिक कार्यसम्पादन (७) सामुदायिक परिचालन (८) सामाजिक सुरक्षा (९) पर्यटन प्रवर्द्धन (१०) भवन निर्माण मापदण्ड (११) पूर्वाधार निर्माण तथा व्यवस्थापन (१२) उपभोक्ता समिति (१३) बस्ती विकास (१४) नागरिक बडापत्र (१५) अधिकार प्रत्यायोजन (१६) वातावरण व्यवस्थापन (१७) जनस्वास्थ्य तथा ग्रामिण अस्पताल निर्माण तथा व्यवस्थापन (१८) सूचना प्रविधिको प्रयोग (१९) सुशासन तथा सेवा प्रवाह (२०) आन्तरिक आय व्यवस्थापन (२१) बेरोजगारको व्यवस्थापन (२२) विपद् व्यवस्थापन (२३) फोहरमैला व्यवस्थापन र (२४) विविध । त्रिवेणी नगरपालिकाको क्षमता विकास योजनाको तर्जुमा देहायका प्रकृयाहरु पुरा गरिएको थियो ।

### १.६.१ सन्दर्भ सामग्री पुनरावलोकन

त्रिवेणी नगरपालिकाको क्षमता विश्लेषण गर्ने सन्दर्भमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, अर्थ मन्त्रालयद्वारा जारी गरिएका बजेट तर्जुमा दिग्दर्शन एवं कार्य सञ्चालन निर्देशका, २०७७, आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, त्रिवेणी नगरपालिकाको विभिन्न आर्थिक वर्षका विनियोजन तथा आर्थिक ऐनहरु, महालेखा परिक्षकको कार्यालयबाट दर्शाइएका बेरुजु एवं कैफियतहरु, सुदूरपश्चिम प्रदेश सरकारका प्रचलित कानुन एवं मापदण्डहरु, प्रदेश नीति तथा योजना आयोगका दस्ताबेजहरु लगायत क्षमता विकाससँग सम्बन्धित स्वदेशी विदेशी पुस्तक एवं जर्नलहरुको अध्ययन एवं पुनरावलोकन गरियो । साथै, सूची विकास, प्रश्नावली एवं छलफलका बुँदा आदी तयार गरी प्रत्यक्ष रुपमा नै नगरपालिकाको आयोजनामा क्षमता विकास सम्बन्धि कार्यक्रमहरु आयोजना गरि अर्न्तक्रिया, छलफलका माध्यमबाट तथ्यांक एवं सूचना संकलन गरियो । नगरपालिकाको नगरसभाबाट पारित आ.व. २०७९/८० को नीति तथा कार्यक्रम र बजेट पुस्तिका अध्ययन गरियो । त्यसैगरी, नगरपालिकाको आ.व. २०७८/७९ को बजेट तथा कार्यक्रमको वार्षिक प्रगति समीक्षाको दस्ताबेजको पनि अध्ययन गरियो । अध्ययनको क्रममा विविध आर्थिक वर्षका आर्थिक ऐन तथा विनियोजन ऐनहरु अध्ययन गरियो ।

### १.६.२ क्षमता विकासको रणनीति तथा योजना तर्जुमा प्रक्रिया बारे छलफलः

नगरपालिकाको क्षमता विकास योजना तर्जुमाका सन्दर्भमा प्रत्यक्ष भेटघाट, टेलिफोन, इमेल, वेवसाइट, पत्राचार आदि तथ्यांक एवं सूचना संकलन गरिएको थियो । त्यसैगरी, थप सुचना तथा तथ्यांक संकलन गरी नतिजामा पुग्न स्थलगत भ्रमण समेत सम्पन्न गरिएको थियो । स्थलगत भेटमा नगर उपप्रमुख, नगरपालिका प्रमुख प्रशासकीय अधिकृत लगायत शाखा प्रमुख, विषयगत शाखा प्रमुखहरुसँग अन्तरकृया एवं छलफल गरी नगरपालिकाको विभिन्न पक्षहरु बारे जानकारी प्राप्त गरिएको थियो ।

### १.६.३ नगरपालिकाको विद्यमान क्षमताको विश्लेषण :

क्षमता विकास योजना तर्जुमा गर्ने सन्दर्भमा संविधान, ऐन, कानुन, नीति, नियम, दिग्दर्शन, परिपत्र, निर्देशिका, मापदण्ड लगायतका द्धितिय स्रोतबाट प्राप्त सामग्री अध्ययन गरियो । यसको अतिरिक्त नगरपालिकाका विभिन्न पदाधिकारी कर्मचारीहरुसँग छलफल तथा अन्तरकृयाबाट नगरपालिकाको विद्यमान क्षमताको अवस्थाबारे जानकारी प्राप्त गरियो ।

### १.७. अध्ययनका सीमाहरु

- कार्यशर्त अनुसार अन्तिम प्रतिवेदन पेश गर्ने अवधि ४५ दिनको रहेपनि आर्थिक वर्षको अन्त्यले गर्दा समयावधि घट्न गएको छ ।
- पालिकामा कार्यरत कर्मचारीहरु तथा केही पदाधिकारीहरुसँग छलफल र अन्तरकृयालाई मुख्य आधार मानि तयार पारिएकोले स्थानीय, वर्गीय एवम् समूहगत स्वार्थले प्रभाव पारेको हुन सक्छन् ।
- पालिकाको आगामी आर्थिक वर्षको बजेट पेश गर्ने तथा पास गर्ने अवधि यसै असार महिनामा रहेकोले एकपटक भन्दा बढी प्रत्यक्ष रुपबाट भेटघाट तथा छलफल गर्न सकिएन ।

- यस योजना तयार भई कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तिय स्रोत साधनहरुको उपलब्धता बारे उच्च जोखिम रहेको छ ।

# परिच्छेद –२

# क्षमता विकासको आवश्यकता पहिचान र विश्लेषण

## २.१. क्षमता आवश्यकता पहिचान

कुनै पनि संस्थाको क्षमता विकास कार्यक्रम कार्यान्वयनको लागि आवश्यक वित्तीय तथा भौतिक श्रोत साधनको कमी स्वयंमा एक चुनौती रहेको हुन्छ । योजना विनाको कार्यान्वयन फितलो हुन्छ भने योजना बनाई सो कार्यान्वयन हुन नसक्नु पनि ठीक हुँदैन । यस नगरपालिकाको आगामी तीन वर्षको क्षमता विकास कार्ययोजना तर्जुमा गर्दा क्षमता विकासको आवश्यकता पहिचानको पक्षलाई ध्यान दिइएको छ । नगरपालिकाको विद्यमान शासकीय प्रबन्ध, व्यवस्थापकीय क्षमता, संगठनात्मक स्वरुप, वित्तिय अवस्था, सुशासनको व्यवस्था तथा विभिन्न सरोकारवालाहरुसँगको समन्वय र सहकार्यको अवस्थाको पहिचान गर्नु क्षमताको आवश्यकता पहिचान गर्नु हो । नगरपालिकाको यो क्षमता विकास कार्ययोजना सफल र उदाहरणीय बन्न सकोस् भन्ने अभिप्रायले नगरपालिकाका निर्वाचित पदाधिकारी, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग छलफल गरी जुट्न सक्ने श्रोतको अनुमान तथ्यपरख रुपमा प्रस्तुत गरिएकोले यसको अपनत्व वृद्धि हुन गई सफलताको विश्वास लिन सकिने अपेक्षा राखिएको छ ।

## २.२ क्षमता विकास लेखाजोखा

नगरपालिकाको क्षमता आवश्यकता पहिचान गर्नु अगाडि हाल विद्यमान क्षमता स्थितिको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । यस कार्यको लागि विषय विज्ञहरुले त्रिवेणी नगरपालिकाको स्थलगत अध्ययन भ्रमण गरी नगरपालिकाका उपमेयर, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरुसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गरी विवरण प्राप्त गरिएको थियो । यसैको आधार समेतमा गरिएको नगरपालिकाको क्षमता लेखाजोखा देहाय बमोजिम गरिएको छ ।

- वार्षिक बजेट तर्जुमामा सबै शाखाहरु तथा सरोकारवालाहरुसँगको राय, सुझाव लिई वृहत सहभागितात्मक रुपमा तर्जुमा गर्नुपर्ने ।
- आन्तरिक आयको वृद्धि तथा राजश्वका थप स्रोतको पहिचान एवं थप राजस्व प्राप्त गर्न नगरपालिकाको व्यवस्थापकीय क्षमतामा सुधार ल्याउनु पर्ने देखिन्छ ।
- नगरपालिकामा सेवा प्रवाहको लागि कर्मचारी संगठन अर्न्तगत स्थाई कर्मचारीहरु एकदमै न्यून मात्रामा रहेको तथा थप आवश्यक दरवन्दि परिपूर्तिको लागि सम्बन्धित निकायको ध्यानआकर्षण गर्ने तथा कर्मचारीको क्षमतामा तथा जागरुकतामा अभिवृद्धि हुन आवश्यक छ ।
- नगरपालिकाको आवधिक योजनाको तर्जुमा भई कार्यान्वयनको चरणमा रहेको तथा आवधिक योजना तथा मध्यमकालीन खर्च संचरनालाई अनुशरण गर्नको लागि जनप्रतिनिधि तथा कर्मचारीहरुको महत्वपूर्ण भूमिका हुने भएकोले वार्षिक रुपमा योजना तर्जुमा गर्दा माथि उल्लेखित दस्तावेजहरुसंग वार्षिक योजनाका तादम्यता मिलाउनु पर्ने र योजना तर्जुमा गर्नको लागि निर्वाचित पदाधिकारीहरु तथा अन्य जनशक्तिको लागि आवश्यक पर्ने अनुशिक्षण, प्रशिक्षणको कार्यक्रम अत्यन्त जरुरी देखिन्छ ।
- नगरपालिका क्षेत्रमा संघीय सरकार, प्रदेश सरकार तथा अन्य निकायहरुबाट सञ्चालन एवं कार्यान्वयनको क्रममा रहेका विकास आयोजनाहरुको लागि आवश्यक समन्वय एवं अनुगमनको

आवश्यकता पर्ने हुँदा सोको लागि पनि नगरपालिकाको कर्मचारीको क्षमता अभिवृद्धि हुन आवश्यक देखिन्छ ।

- नगरपालिकाले पुर्‍याउनु पर्ने सेवा प्रवाह तथा विभिन्न शाखाहरुले गर्नुपर्ने कार्यलाई प्रभावकारी बनाउन फरक फरक सफ्टवेयरको व्यवस्था गरी नगरपालिकाको सम्पूर्ण कार्यलाई डिजिटाइजेशन गर्न आवश्यक देखिन्छ ।
- नगरपालिकामा कार्यरत कर्मचारीको सीप, क्षमता र कार्यशैलीलाई सुधार गर्न विभिन्न प्रकारका व्यवस्थापकीय तथा नेतृत्व विकास सम्बन्धी तालिम तथा अभिमुखीकरणको आवश्यकता रहेको छ ।

# त्रिवेणी नगरपालिका
# तोली, बाजुरा

## २.३ क्षमता विकास अन्तराल पहिचान

नगरपालिकाको क्षमता आवश्यकता पहिचान गर्नु अगाडि हाल विद्यमान क्षमता स्थितिको लेखाजोखा गर्नु आवश्यक देखिन्छ । यस कार्यको लागि विषय विज्ञहरुले त्रिवेणी नगरपालिकाको स्थलगत अध्ययन भ्रमण गरी नगरपालिकाको प्रमुख, उप- प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, शाखाका कर्मचारीहरु, वडाध्यक्ष, वडा सचिवहरुसँग प्रत्यक्ष भेटघाट र अन्तरक्रिया गरी विवरण प्राप्त गरिएको थियो । यसैको आधार समेतमा गरिएको नगरपालिकाको क्षमता लेखाजोखा तथा अन्तराल पहिचान देहाय बमोजिम गरिएको छ ।

### त्रिवेणी नगरपालिकाको क्षमता लेखाजोखा र अन्तराल पहिचान

### १. मानव संशाधन अवस्था विश्लेषण

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| नगरप्रमुख | सभाको कार्यसूची, बैठक आह्वान र निर्णय कार्यान्वियन गर्ने गराउने | ▪ प्रत्येक महिनाको नगर कार्यपालिकाको बैठक बस्ने गरेको<br>▪ वार्षिक बजेट तथा कार्यक्रम समयमै पेश गरेको जस्तै–आ.व. ०७९/८० को बजेट असार १० गते पेश गरी पारित भएको | ▪ आन्तरिक आयको हिंस्सा बढ्न नसकेको<br>▪ योजना प्रगति समिक्षाको लागि स्थानीय विकास समस्या समाधान समिति गठन नभएको । | ▪ बजेट तर्जुमा र प्रगति समीक्षा सम्बन्धी क्षमता अभिवृद्धि कार्यक्रम | मनव संशाधन |
| | कानुन निर्माण सम्बन्धी | ▪ नगरपालिकाको सफल सञ्चालनको लागि करिब १२ वटा ऐन लगायत निर्देशिका, नियमावली, | ▪ सेवा प्रवाह तथा स्थानीय विकास सम्बन्धमा बाँकी कानुन निर्माण नभएको<br>▪ कानुन तर्जुमा गर्न विज्ञ | ▪ कानुन निर्माण सम्बन्धी प्रशिक्षण<br>▪ कानुन तर्जुमा विज्ञ वा जनशक्तिको व्यवस्थापन | मानव संशाधन<br>संस्थागत |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | | कार्यविधि समेत गरी ४७ वटा, नियमावली, निर्देशिका, कार्यविधिहरु | जनशक्ति नभएको | | |
| | प्रशासकीय तथा आर्थिक व्यवस्था सम्बन्धी | ▪ सार्वजनिक सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन सम्बन्धमा नगर प्रमुखबाट प्रचलित कानुन बमोजिम कार्य भइरहेको | ▪ कानुन तर्जुमा गर्न विज्ञ जनशक्ति नभएको | ▪ सुशासन, नेतृत्व विकास लगायत व्यबस्थापनका नविनतम् आयाम सम्बन्धी प्रशिक्षण | मानव संशाधन |
| उप–प्रमुख | ▪ विभिन्न समितिको संयोजक भई काम गर्ने अनुगमन समितिको संयोजक भई काम गर्ने | ▪ न्यायीक समितिको संयोजक भई काम गरेको ।<br>▪ न्यायीक समितिको प्रतिवेदन समय भित्रै पेश भएको<br>▪ गैरसरकारी संस्था र उपभोक्ता हित संरक्षण समितिको संयोजक भई काम गरेको<br>▪ राजस्व परामर्श समितिको संयोजक भइ काम गरेको<br>▪ बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजक भइ काम गरेको | ▪ गैरसरकारी संस्थाहरुलाई एकद्धार प्रणाली मार्फत नियमन तथा अनुगमन प्रभावकारी रुपमा नभएको | ▪ समन्वय कार्य तथा स्रोत साधनको पहिचान सम्बन्धी कार्यक्रमको तालिम<br>▪ विकास आयोजनाको अनुगमन तथा मुल्यांकनका विषयक सीपमलूक कार्यक्रम | मानव संशाधन<br>मानव संशाधन |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| वडा अध्यक्ष | ▪ वडा समितिको समन्वयकर्ता भई काम गर्ने<br>▪ स्वीकृत योजना तथा कार्यक्रमको कार्यान्वयन, अनुगमन र समीक्षा गर्ने<br>▪ सिफारिस तथा प्रमाणित गर्ने | ▪ वडा सचिवको अभावमा अरु कर्मचारीलाई वडा सचिवको जिम्मेवारी दिइएको<br>▪ नागरिक वडापत्रमा उल्लेख भए बमोजिमको सिफारिस तथा प्रमाणित गर्ने कार्य निरन्तर भइरहेको | ▪ दक्ष कर्मचारीको अभावमा गुणस्तरीय कार्यमा बाधा पुगेको<br>▪ योजना कार्यान्वयन, अनुगमन र समीक्षाको कार्य दक्षतामा कमी भएको | ▪ योजना कार्यान्वयनमा गुणस्तरीयता अभिवृद्धि सम्बन्धी आधारभूत तालिम | मनव संशाधन |
| कार्यपालिका सदस्य | ▪ विषयगत क्षेत्रको संयोजक रहने सम्बन्धी<br>▪ कार्यपालिकाले तोकेको कार्य सम्बन्धी | ▪ विषयगत क्षेत्रको संयोजक रहेको | ▪ संयोजनको अबधारणा र संयोजकको भूमिका सम्बन्धमा दक्षतामा कमी | ▪ संयोजनको अबधारणा र संयोजकको भूमिका सम्बन्धमा सीपमुलक तालीम | मानव संशाधन |
| प्रमुख प्रशासकीय अधिकृत | ▪ निर्णय कार्यान्वयन सम्बन्धी<br>▪ योजना, सार्वजनिक खरिद, आर्थिक प्रशासन तथा लेखा परीक्षण सम्बन्धी<br>▪ अनुगमन, मुल्यांकन सम्बन्धी | ▪ सबै प्रकारका बैठकहरु समयमै बोलाइ संचालन गर्ने गरेको<br>▪ नगर सभा सम्पन्न गरेको, बजेट समयमा पेश तथा पारित गराएको, खर्च गर्ने अख्तियारी प्राप्त गरी बजेट कार्यान्वयन गरेको, आर्थिक कारोवारको अभिलेख राख्न लगाएको<br>▪ कार्यपालिकाको प्रतिनिधित्व गरी अन्तर सरकारी निकायको | ▪ आलेप तथा मलेपका बेरुजुहरु लक्ष्य निर्धारण गरी फछ्र्यौट नगराएको जस्तै– आ.ब. २०७८-७९ सम्मको बेरुजु रु. ...... करोड ..... लाख .... हजार मध्ये फछ्र्यौट नभएको .....<br>▪ खरिदको गुरुयोजना तथा योजना नबनाएको | ▪ बेरुजु फछ्र्यौट सम्बन्धी उत्प्रेरणात्मक प्रशिक्षण<br>▪ सार्वजनिक खरिद सम्बन्धी आधारभूत तालीम | मानव संशाधन<br><br>मानव संशाधन |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | | बैठकमा भाग लिने गरेको | | | |
| **२.बिषयगत शाखाहरु** | | | | | |
| क) प्रशासन, योजना तथा अनुगमन शाखा | ▪ आवधिक योजना तयार गर्ने<br>▪ वार्षिक बजेट तथा कार्यक्रम तयार गर्ने<br>▪ आयोजनाहरुको कार्यान्वयन तथा अनुगमन, मुल्यांकन गर्ने<br>▪ परियोजना बैंक तयार गर्ने<br>▪ सामाजिक परिक्षण र सार्वजनिक सुनुवाईको व्यवस्था गर्ने<br>▪ O & M Survey गर्ने<br>▪ कर्मचारीको कार्यविवरण तयार गर्ने<br>▪ पदाधिकारी तथा कर्मचारी हरुको आचार संहिता | ▪ आवधिक योजना तयार भएको<br>▪ नगरपालिकाको कूल स्वीकृत दरबन्दी मध्ये थोरै मात्रै पदहरु पूर्ति भएको धेरै कर्मचारीहरु करारको रहेको<br>▪ मध्यमकालिन खर्च संरचना तयार भएको | ▪ पदाधिकारीको आचार संहिता नबनेको<br>▪ सार्वजनिक सुनुवाइ नभएको<br>▪ सामाजिक परिक्षण हुने नगरेको<br>▪ योजना तथा बजेट तर्जुमा दिग्दर्शन तयार नभएको<br>▪ नागरिक वडापत्र वार्षिक रुपमा अद्यावधिक हुने नगरेको<br>▪ अन्तर शाखा समन्वयमा कमी<br>▪ कर्मचारीको लागि संघीयता निजामती आचार संहिता लागु नभएको | ▪ आवधिक योजना र मध्यमकालिन खर्च संरचना सम्बन्धी प्रशिक्षण<br>▪ अनुगमन मुल्यांकनको सीपमुलक तालीम<br>▪ सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण र सार्वजनिक परिक्षणको ढाँचा निर्धारण<br>▪ पदाधिकारीको आचार संहिताको तर्जूमा | मनव संशाधन<br>मानव संशाधन<br>प्रणालीगत<br>प्रणालीगत |
| ख) पुर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | ▪ भवन सम्बन्धी मापदण्डको तर्जुमा, कार्यान्वयन र नियमन<br>▪ वातावरण, सरसफाई तथा विपद् व्यवस्थापन | ▪ खानेपानी उपभोक्ता समिति १८ वटा गठन भएको<br>▪ टोल विकास समिति र अन्य सामाजिक संस्था | ▪ नक्सा पास कार्यविधि नभएको<br>▪ सार्वजनिक नीजि साझेदारी नीति तयार नभएको | ▪ सार्वजनिक नीजि साझेदारी नीतिको तयारी<br>▪ भवन निर्माण मापदण्ड अन्तर्गतको कार्यान्वयन | संस्थागत<br>संस्थागत |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | ▪ पूर्वाधार योजनाहरुको डि.पि.आर. ईस्टीमेट, डिजाईन, सर्भेक्षण, प्राविधिक अनुगमन<br>▪ पूर्वाधार सम्बन्धिका नीति तथा नियमहरु तर्जूमा गर्दा जनप्रतिनिधिहरु संगको निकटतम समन्वय गर्ने<br>▪ निर्माण कार्यहरुको गुणस्तरियता कायम गर्ने | गरी ६४ वटा दर्ता भएको | ▪ भवन निर्माण मापदण्ड लागु नभएको<br>▪ बस्ती विकास कार्यविधि नभएको<br>▪ यातायात तथा सवारी व्यवस्थापन कार्यविधि नभएको<br>▪ यातायात गुरुयोजना तयार नभएको<br>▪ खानेपानी गुरुयोजना तयार नभएको<br>▪ एकीकृत बस्ती विकास योजना तयार नभएको | | |
| ग) स्वास्थ्य तथा सामाजिक विकास शाखा | ▪ नगर स्तरीय अस्पतालको स्थापना र संचालन<br>▪ नगर स्तरीय आधारभूत स्वास्थ्य र सरसफाइ एवं पोषण, प्रजनन स्वास्थ्य सम्बन्धी<br>▪ खाद्य पदार्थको गुणस्तर सम्बन्धी<br>▪ स्वच्छ खानेपानी सम्बन्धी<br>▪ स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापन<br>▪ औषधी पसल संचालन अनुमति, नियमन सामाजिक | ▪ सामाजिक सुरक्षा प्रणालीमा आवद्ध लाभग्राहीहरुको तीन पुस्ते विवरण अद्यावधिक गरेको<br>▪ २ वटा स्वास्थ्य संस्थामा ल्याब स्थापना भएको<br>▪ ८ वटा स्वास्थ्य चौकी रहेको<br>▪ स्थानीय स्वास्थ्य तथा सरसफाइ ऐन कार्यान्वयनमा रहेको<br>▪ मदिरा उत्पादन, विक्रि | ▪ १५ शैयाको नगर अस्पताल निर्माणाधिन अवस्थामा नरहेको<br>▪ स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन कार्यविधि नभएको<br>▪ एम्बुलेन्स संचालन नभएको<br>▪ स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नति तथा थप सेवासम्बन्धी नीति तथा कार्यविधि नभएको | ▪ सरसफाई र गुणस्तरीय कार्य सम्बन्धी चेताना मूलक अभिमुखीकरण कार्यक्रम<br>▪ स्वास्थ्य संस्था दर्ता, नवीकरण, स्तरोन्नतिको कार्यविधि<br>▪ सेवा थप सम्बन्धी नीति तथा कार्यविधिको तयारी<br>▪ फोहोरमैला व्यबस्थापन ऐनको तर्जुमा<br>▪ गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य सम्बन्धी कार्यविधि | मानव संशाधन<br>प्रणालीगत<br>संस्थागत<br>संस्थागत<br>संस्थागत |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | सुरक्षा तथा पञ्जिकरण सम्बन्धी<br>▪ बेरोजगारीको तथ्यांक | वितरण तथा नियन्त्रण सम्बन्धी ऐनको कार्यान्वयन<br>▪ सुर्तिजन्य पदार्थ नियन्त्रण र नियमन गर्ने ऐन कार्यान्वयन मा रहेको | ▪ स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि नभएको<br>▪ अनाथ बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि नभएको<br>▪ फोहरमैला व्यवस्थापन ऐन नभएको<br>▪ गैरसरकारी संस्थासँग साझेदारी तथा सहकार्य नभएको<br>▪ नागरिकहरुको नगर स्वास्थ्य विमा कार्यक्रममा ५०% सहुलियत नदिएको | ▪ १५ वेडाको ग्रामिण अस्पताल निर्माणका लागि आवश्यक पहल गर्ने विवाद समाधान गर्ने | संस्थागत |
| घ) शिक्षा, युवा तथा खेलकूद शाखा | ▪ बालविकास, आधारभूत शिक्षा, अनौपचारिक शिक्षा, विशेष शिक्षा सम्बन्धी<br>▪ गुठी एवं सहकारी विद्यालय<br>▪ प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम सम्बन्धी<br>▪ विद्यालयहरुको जग्गा तथा सम्पत्ति व्यवस्थापन एवं अभिलेख<br>▪ विद्यालय शिक्षकहरुको दरबन्दी एवं पदपूर्ति | ▪ शिक्षक दरबन्दी मर्ज तथा मिलान गरेको<br>▪ शैक्षिक क्यालेन्डर निर्माण भएको<br>▪ विभिन्न समिति उप समितिको वैठक बस्ने गरेको<br>▪ युवा प्रतिभा पहिचान र प्रोतसाहन गर्ने गरेको<br>▪ जिन्सी तथा सम्पत्ति व्यबस्थापनको ढाँचागत | ▪ सामुदायिक विद्यालय तथा बालविकास केन्द्रहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि नभएको<br>▪ नगर खेलकूद विकास समिति संचालन सम्बन्धी कार्यविधि नभएको<br>▪ शिक्षा विकास कोष सम्बन्धी व्यवस्था नभएको | ▪ अनुदान परिचालन सम्बन्धी कार्यविधिको तयारी<br>▪ अतिरिक्त शैक्षिक कियाकलापको संचालन सम्बन्धी अभिमुखीकरण<br>▪ शैक्षिक प्रशासन तथा प्रविधिक बिषयक शिक्षण सम्बन्धी अभिमुखीकरण कार्यक्रम<br>▪ प्रधानाध्यापकहरुका लागि नेतृत्व विकास, सार्वजनिक | प्रणालीगत<br>मानव संशाधन<br>मानव संशाधन<br>संस्थागत |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | व्यवस्था<br>▪ शैक्षिक गुणस्तरको अभिवृद्धि तथा पाठ्य सामग्रीको वितरण<br>▪ बिद्यालयहरुमा सूचना प्रविधि सम्बन्धि प्रयोगशाला स्थापना | फर्ममा अभिलेख राख्ने<br>▪ सामुदायिक बिद्यालयको संचालन, व्यबस्थापन र नियमन हुने सामान्य रुपमा हुने गरेको<br>▪ सामुदायिक बिद्यालयको संख्या १ देखि ५ सम्मका विद्यालय संस्था ५ वटा तथा १ देखि ३ सम्मका पूर्व आधारभूत बिद्यालय संख्या १३ वटा तथा सरकारी बिद्यालयहरु संचालनमा रहेकोमा नीजि आधारभूत बिद्यालयहरुको संख्या ५ रहेको<br>▪ वालविकास केन्द्रहरु ४२ पाठ्यसामग्रीको वितरण गर्ने गरेको | ▪ पुस्तकालय तथा वाचनालयको स्थापना नभएको<br>▪ नगरपालिकामा बिद्यमान जनशक्तिबाट बिद्यालय हरुको अनुगमन गर्न कठिन भएको<br>▪ शिक्षक तथा कर्मचारीको पेशागत क्षमता विकास तर्फ खास काम हुन नसकेको<br>▪ बिद्यालयहरुमा सूचना प्रविधि सम्बन्धि प्रयोगशाला स्थापना नभएको<br>▪ वालशुलभ शौचालय, पूर्वाधार तथा छात्रामैत्री शौचालयको व्यवस्था नभएको<br>▪ यूवा तथा खेलकुद सम्बन्धि पर्याप्त मात्रामा बजेटको विनियोजन नभएको | खरिद एवम् लेखापालन सम्बन्धी प्रशिक्षण | |
| ङ) आर्थिक प्रशासन शाखा | ▪ आय व्ययको सार्वजनिकीकरण गर्ने<br>▪ एकीकृत सम्पत्तिको | ▪ मासिक रुपमा आय व्ययको सार्वजनिकीकरण गर्ने गरेको | ▪ बेरुजु फछ्र्यौट एवं फरफारक सन्तोषजनक नभएको | ▪ बेरुजु फछ्र्यौट कार्य योजना तथा तालिकाबद्ध कार्यको तर्जुमा | प्रणालीगत |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | व्यवस्थापन<br>▪ अन्तिम लेखा परीक्षणको प्रतिवेदन<br>▪ एकिकृत आर्थिक बिवरणको तयारी | ▪ एकीकृत सम्पत्ति विवरणको लागि सफ्टवेयर तयार भएको<br>▪ मासिक प्रतिवेदन तथा सूचनाहरु वेभसाइट मार्फत सार्वजनिक गर्ने गरेको<br>▪ बजेटको तर्जुमा, खर्चको लेखा र प्रतिवेदन कार्यमा SuTRA लाई कार्यान्वयनमा ल्याइएको | ▪ आर्थिक बिबरणको तयारीमा NPSAS (Nepal Public Sector Accounting Standards ) को प्रयोग नगरेको | | |
| च) कृषि/ पुश विकाश शाखा | ▪ कृषि सेवा सम्बन्धी<br>▪ पशु सेवा सम्बन्धी<br>▪ बीउ बिजन, मलखाद, रसायन तथा औषधीको आपूर्ति र नियमन<br>▪ कृषकहरुको क्षमता अभिवृद्धि<br>▪ कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण | ▪ ११० वटा कृषि समुह गठन भएको<br>▪ कृषकहरुलाई ५०% अनुदानमा कृषि औजार बितरण गरेको<br>▪ ७ वटा पकेट क्षेत्रका कृषि फार्महरुलाई रकम वितरण गरेको<br>▪ व्यवसायिक तरकारी खेतीका लागि कृषकहरु लाई ५०% अनुदानमा प्लाष्टिक टनेल वितरण गरेको<br>▪ सशर्त अनुदानको कार्यक्रममा ९७% प्रगति | ▪ कृषि कार्यक्रम संचालन तथा अनुदान सम्बन्धी कार्यविधि नभएको<br>▪ पशु स्वास्थ्य संचालन कार्यविधि नभएको<br>▪ बीउ बिजन, मलखाद, रसायन तथा औषधी र नियमन सम्बन्धी कार्यविधि नभएको<br>▪ तरकारी खरिद बिकी केन्द्र स्थापना भएको<br>▪ तरकारी कोल्ड स्टोरको स्थापना नभएको | ▪ प्रांगारिक खेती तथा मल बनाउने सम्बन्धी सीपमुलक तालिम<br>▪ बीउ बिजन, मलखाद तथा औषधी सम्बन्धी नियमन कार्यविधिको तर्जुमा<br>▪ कृषि तथा पशु क्षेत्रको बजेट विनियोजन बढाउनुपर्ने | मानव संशाधन<br>प्रणालीगत<br>प्रणालीगत |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | | भएको ।<br>▪ २२०० जना पशुपालक कृषकहरु लाभान्वित भएका । | | | |
| छ) आन्तरिक लेखा परीक्षण ईकाई | ▪ न.पा.को आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण गर्ने<br>▪ अन्तिम लेखा परीक्षणको लागि न.पा.को लेखा श्रेस्तालाई दुरुस्त तथा तयारी हालतमा राख्न लगाउने | ▪ आर्थिक कारोवारको आन्तरिक लेखा परीक्षण गरेको र अन्तिम लेखा परीक्षणको लागि लेखा श्रेस्तालाई दुरुस्त तथा तयारी हालतमा राखेको | ▪ आन्तरिक लेखा परीक्षण दिग्दर्शन नभएको | ▪ आन्तरिक लेखा परीक्षण दिग्दर्शनको तयारी | प्रणालीगत |
| ज) महिला तथा वालवालिका शाखा | ▪ महिला तथा वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, एकल महिला, विपन्न महिलाहरुको तथ्यांक संकलन तथा अधावधिक गर्ने<br>▪ सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्बन्धी<br>▪ सामाजिक सुरक्षा भत्ताको तथ्यांक निर्माण गर्ने<br>▪ महिला रोजगारीको तथ्यांक तथा महिला तथा वालवालिका विकास सम्बन्धिका कार्यक्रमहरु संचालन गर्ने | ▪ आशिंक रुपमा तथ्यांक संकलन गरेको<br>▪ सामाजिक सुरक्षा प्रणालीमा आवद्ध लाभग्राहीहरुको तीन पुस्ते विवरण अद्यावधिक गरेको<br>▪ महिला तथा वालवालिका शाखा अर्न्तगत न्यून बजेट, तथा कर्मचारी नभएका कारण कार्यक्रमहरु गर्न नसकिएको | ▪ स्वरोजगार कार्यक्रम संचालन सम्बन्धी कार्यविधि नभएको<br>▪ अनाथ बालबालिकाका लागि सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि नभएको<br>▪ लैगिंक उत्तरदायित्व बजेट तर्जुमा तथा परिक्षण नगरेको<br>▪ लैंगिक समानता तथा समाजिक समावेसिकरण नीति, आचार संहिता, तर्जुमा नगरेको<br>▪ महिला आर्थिक | ▪ महिला तथा वालवालिका, जेष्ठ नागरिक, अपांगता भएका व्यक्तिहरु, एकल महिला, विपन्न महिलाहरुका कार्य सम्बन्धी चेतानमूलक अभिमुखीकरण कार्यक्रम<br>▪ माथिका वर्गहरुको आर्थिक उपार्जनका कार्यक्रमहरु तथा कृयाकलापहरु<br>▪ किशोरी कार्यक्रमहरु<br>▪ वालविवाह सचेतना कार्यक्रम<br>▪ एकल महिला, अपांगता क्षेत्रका कार्यक्रमहरु संचालन गर्ने | मानव संशाधन<br>प्रणालीगत<br>संस्थागत<br>संस्थागत<br>मानव संशाधन |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | ▪ महिला आर्थिक शसक्तिकरण कार्यक्रमहरु संचालन गर्ने ।<br>▪ लैगिंक उत्तरदायित्व बजेट तर्जुमा तथा परिक्षण गर्न सहयोग गर्ने<br>▪ लैंगिक समानता तथा समाजिक समावेसिकरण नीति, आचार संहिता तर्जुमा गर्ने<br>▪ संवैधानिक व्यवस्था अनुरुप महिलाहरुको निर्णय प्रक्रियामा प्रतिनिधित्व सुनिश्चित गर्ने । | | शसक्तिकरण कार्यक्रमहरु संचालन न्यून मात्रामा गरेको<br>▪ जेष्ठ नागरिक, वाल वालिका सम्बन्धि कार्यक्रमहरु संचालन नगरेको<br>▪ वाल संरक्षण नीति तर्जुमा नगरेको<br>▪ किशोरी कार्यक्रमहरु<br>▪ वालविवाह सचेतना कार्यक्रम | ▪ यूवा महिला लक्षित कार्यक्रमहरु | प्रणालीगत |
| **अन्य कार्य** | | | | | |
| स्थानीय अभिलेख व्यवस्थापन | ▪ सूचना तथा अभिलेख केन्द्रको संचालन<br>▪ सार्वजनिक सम्पत्तिको अद्यावधिक अभिलेखमा नवीनतम सूचना प्रविधिको उपयोग गर्ने | ▪ स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा गरी सूचना केन्द्र नभएको<br>▪ सार्वजनिक सम्पत्तिको ढाँचागत अभिलेख नभएको | ▪ स्थानीय अभिलेखको लागि नीति र मापदण्ड नभएको<br>▪ नवीनतम प्रविधिको आधारमा सम्पन्न योजना तथा सार्वजनिक सम्पत्तिको ढाँचागत रुपमा अभिलेख नभएको | ▪ स्थानीय अभिलेखको लागि नीति र मापदण्डको तर्जुमा | प्रणालीगत |
| बेरोजगारको तथ्यांक संकलन | ▪ बेरोजगार, श्रमिक, दक्ष जनशक्तिको तथ्यांक संकलन र रोजगार सूचना केन्द्रको संचालन | ▪ प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत २०६ जना वेरोजगारहरुलाई रोजगारी सिर्जना गरेको | ▪ बेरोजगार, श्रमिक, दक्ष जनशक्तिको तथ्यांक संकलनका साथै रोजगार सूचना केन्द्रको संचालन | ▪ रोजगारीबाट फर्किएकाको ज्ञान, सीप र उद्यमशिलता को उपयोग सम्बन्धी कार्यविधि | संस्थागत |

| पदीय जिम्मेवारी | सम्पादन गर्नुपर्ने प्रमुख कार्य | कार्य सम्पादनको विद्यमान अवस्था (ज्ञान, सीप, दक्षता) | कार्य सम्पादनमा देखिएको अन्तराल (Gap) | कार्य सम्पादन सुधारका लागि आवश्यक क्षमता विकास कार्यक्रम (ज्ञान, सीप, दक्षता) | क्षमता विकासको क्षेत्र (मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| | ▪ रोजगारीबाट फर्किएकाहरुको ज्ञान, सीप र उद्यमशिलताको उपयोग | ▪ प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तगत बेरोजगारको सूचिकृत गरेको तर सम्पूर्ण वेरोजगारहरु नसमेटिएको | नभएको<br>▪ वैदेशिक रोजगारका लागि सूचना, वित्तीय साक्षरता, सीपमुलक तालिमको संचालन | | |
| जेष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन | ▪ जेष्ठ नागरिक लगायतका लागि सेवा र आश्रय केन्द्रको संचालन र व्यवस्थापन गर्ने<br>▪ अनाथ, असहाय लगायतका लागि पुनस्थापना केन्द्र | ▪ सडक बालबालिका लगायतका लागि पुनस्थापना केन्द्र संचालन नभएको<br>▪ जेष्ठ नागरिक लगायतको लागि आश्रय केन्द्र स्थापना गरी व्यवस्थापन नभएको<br>▪ जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि नभएको | ▪ सडक बालबालिका लगायतका लागि पुनस्थापना केन्द्र संचालन नभएको<br>▪ जेष्ठ नागरिक लगायतको लागि आश्रय केन्द्र स्थापना गरी व्यवस्थापन नभएको<br>▪ जेष्ठ नागरिक परिचयपत्र वितरण कार्यविधि नभएको | ▪ जेष्ठ नागरिक लगायतको लागि आश्रय केन्द्रको स्थापना<br>▪ जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्यविधि | संस्थागत<br>प्रणालीगत |
| सहकारी संस्था | ▪ सहकारी संस्थाको नीति, कानुन, मापदण्ड एवं नियमन<br>▪ स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि गराउने | ▪ मेयर उद्यमशीलता बिकास कार्यक्रम कार्यान्वयनमा आएको<br>▪ सहकारी संस्था सम्बन्धी काम गर्न कर्मचारीको व्यवस्था भएको | ▪ सहकारी संस्थाको अभिलेखन, प्रतिवेदन तथा अनुगमनको स्पष्ट व्यवस्था नभएको<br>▪ सहकारी संस्थाहरुको विवरणलाई डिजिटल बनाउने प्रणालीमा आबद्ध गराउने काम नभएको | ▪ सहकारी संचालन कार्यविधिको तयारी<br>▪ सहकारी संस्थाको अनुगमन तथा नियमनका लागि सीपमूलक प्रशिक्षण | प्रणालीगत<br>मानव संशाधन |

## २. संस्थागत विश्लेषण

### २.१. संस्थागत क्षमता स्वमूल्यांकनको आधारमा

| स्वमूल्यांकनका विषय क्षेत्र र प्रमुख सूचक | पुर्णांक | प्राप्तांक | स्वमूल्यांकनमा कमजोर देखिएको सूचकका आधारमा देखिएको अन्तराल (Gap) | क्षमता विकासका लागि प्रस्तावित कार्यक्रम | क्षमता विकासको क्षेत्र ( मानव संशाधन वा संस्थागत वा प्रणालीगत) |
|---|---|---|---|---|---|
| **१. शासकीय प्रबन्ध** | ९ | ७.५ | | | |
| १.१.१. सभाको संचालन प्रकृया | १ | १ | अन्तराल नदेखिएको | | |
| १.१.२. कार्यपालिकाको निर्णय प्रकृया | १ | १ | अन्तराल नदेखिएको | | |
| १.१.३. सभा/कार्यपालिकाकाले बनाएका स्थानीय कानून (ऐन, नियम, निर्देशिका, कार्यविधि र मापदण्ड) तथा निर्णयहरुको सार्वजनिकीकरण | १ | १ | अन्तराल नदेखिएको | | |
| १.२.१. सभा र कार्यपालिकाका समिति/उपसमिति संचालन सम्बन्धी कार्यविधि | १ | १ | अन्तराल नदेखिएको | | |
| १.२.२. कार्यपालिकाको बैठक संचालन (बैठक बोलाउने, मिति स्थान तोक्ने, कार्य सूची उपलब्ध गराउने, गणपुरक संख्या, निर्णय पुस्तिकामा हस्ताक्षर, निर्णयमा असहमति आदी) | १ | १ | अन्तराल नदेखिएको | | |
| १.२.३. आन्तरिक नियन्त्रण | १ | ० | आन्तरिक नियन्त्रण प्रणाली नभएको | आन्तरिक नियन्त्रण प्रणाली | संस्थागत |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रणाली | | | | सम्वन्धी अभिमखिकरण र कार्यप्रणाली निर्माण | |
| १.२.४ स्थानीय तहका पदाधिकारीहरुको सम्पत्ति विवरण | १ | १ | अन्तराल नदेखिएको | | |
| १.३.१ मूल्याङ्कन अवधिमा बसेको कार्यपालिकाको बैठक संख्या | १ | ०।५ | महिनामा कम्तीमा १ पटक बैठक बसी पुर्व निर्णयहरुको कार्यान्वयन अवस्था बारेमा समीक्षा गर्ने नगरिएको | निर्णयहरुको कार्यान्वयन अवस्था बारेमा समीक्षा गरि सुधार गर्दै जाने | प्रणालीगत |
| १.३.२ लेखा प्रणालीमा SUTRA को प्रयोग | १ | १ | अन्तराल नदेखिएको | | |
| **२. संगठन तथा प्रशासन** | ८ | ४ | | | |
| २.१.१ गाउँ/नगरपालिकाको क्षमता विकास | १ | ० | क्षमता विकास योजना नभएको | क्षमता विकास योजना सम्वन्धी अभिमखिकरण तथा निर्माण | संस्थागत |
| २.१.२ प्रतिवेदन तथा विवरण प्रेषण | १ | १ | अन्तराल नदेखिएको | | |
| २.२.१ विषयगत विभाग /महाशाखा शाखा/ उपशाखा /एकाइहरु एवं जनशक्तिको काम, कर्त्यव्य, अधिकार र जिम्मेवारीको कार्यविवरण | १ | १ | अन्तराल नदेखिएको | | |
| २.२.२. स्थायी पदपूर्ति नगर्ने भनिएका पदहरुमा करारबाट मात्र पदपूति | १ | १ | अन्तराल नदेखिएको | | |
| २.२.३. कर्मचारीहरुको कार्य सम्पादन सम्झौता | १ | ० | नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता नभएको | कार्यसम्पादन सम्बन्धी अभिमुखीकरण कार्यक्रम तथा नगरपालिका प्रमुख र प्रमुख | प्रणालीगत |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | प्रशासकीय अधिकृतबीच कार्य सम्पादन सम्झौता | |
| २.३.१. जनशक्ति क्षमता विकासमा लगानी | १ | ० | जनशक्ति क्षमता विकासमा कुल चालु खर्चको १.५ प्रतिशतभन्दा कम खर्च भएको | जनशक्ति विकासमा लगानी सम्बन्धी अभिमुखीकरण कार्यक्रम | संस्थागत |
| २.३.२ प्रमुख प्रशासकीय अधिकृतको उपस्थिति दिन | १ | १ | अन्तराल नदेखिएको | | |
| २.३.३. क्षमता विकास कार्यक्रममा पदाधिकारी र कर्मचारीहरुको सहभागिता | १ | ० | कुल पदाधिकारी र कर्मचारीको क्षमता विकासमा ३० प्रतिशतभन्दा बढीको क्षमता विकास नभएको | पदाधिकारी र कर्मचारीको क्षमता विकासमा लगानी वढाउने निति कार्यक्रम | संस्थागत |
| **३. वार्षिक बजेट तथा योजना व्यवस्थापन** | ११ | ४।५ | | | |
| ३.१.१. वार्षिक बजेट तथा कार्यक्रम र आवधिक योजना तर्जुमा | १ | ०।५ | एकीकृत भूउपयोग योजना, यातायात गुरुयोजना, वातावरण व्यवस्थापन योजना समेत समावेश भएको GIS मा आधारित क्षेत्रगत योजना (Spatial Plan) मा आधारित आवधिक विकास योजना बने पनि वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा नभएको, मध्यम कालिन खर्च संरचना निर्माणको चरणमा रहेको | आवधिक योजना, बजेट तर्जुमा र मध्यमकालीन खर्च संरचना सम्बन्धी प्रशिक्षण तथा क्षमता अभिबृद्धि तालिमहरु संचालन गर्नुपर्ने | संस्थागत |
